नियम संख्या : ६
घरपझोङ गाउँ सभाबाट स्वीकृत मितिः २०७४ चैत्र ३०

# घरपझोङ गाउँपालिका

## घरपझोङ राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

# घरपझोङ गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

जोमसोम,मुस्ताङ

# घरपझोङ राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम घरपझोङ गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक घरपझोङ राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, घरपझोङ राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, घरपझोङ राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, घरपझोङ राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, घरपझोङ राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न घरपझोङ गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग- १

## प्रारम्भिक

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम घरपझोङ राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

२. **कार्यविधि लागू हुने :** यो कार्यविधि घरपझोङ. गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## भाग-२

## घरपझोङ राजपत्रको भाग र ढाँचा

३. **घरपझोङ राजपत्रको भागहरु** घरपझोङ राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **घरपझोङ राजपत्रको ढाँचाः** घरपझोङ_राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः**-घरपभ्फोङ राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष ( उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २),कायम गरी त्यसपछि क्रमशःजतिवर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **घरपभ्फोङ राजपत्रको संख्याः-** (१) घरपभ्फोङ राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायमग र्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **घरपभ्फोङ राजपत्रमा प्रकाशन गर्ने सामग्रीः-** घरपभ्फोङ राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. घरपभ्फोङ राजपत्र प्रकाशन गर्ने अधिकारीः-घरपभ्फोङ राजपत्र घरपभ्फोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग-३

## घरपभ्फोङ राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. घरपभ्फोङ राजपत्र प्रकाशनको जिम्मेवारीः(१) कार्यपालिकाले कुनै शाखा वा इकाइलाई घरपभ्फोङ राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्यविवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफ ा(१)बमोजिमतोकिएको शाखावा एकाइबाट मात्र घरपभ्फोङ राजपत्र प्रकाशन गरिनेछ ।

(३) प्रत्येक ६/६ महिनामा राजपत्रको नियमित अंक प्रकाशन गरिनेछ । आवश्यकतानुसार जुनसुकै समयमा पनि अतिरिक्तांक प्रकाशन गर्न सकिनेछ ।

१०. प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः(१) प्रकाशन हुने सामग्री गाउँकार्यपालिकाको कानून सम्वन्धीविषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

(३) कर्मचारीको व्यवस्थापन र कानुन शाखामा जनशक्ति उपलब्ध नहुञ्जेलसम्मको लागि सम्पादनकार्यको लागि कार्यपालिकाले एक समिति गठन गरी व्यवस्थित गर्नेछ । उक्त समितिमा निम्नबमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषयगत शाखाको एक जना अधिकृत- सदस्य

(ग) कम्प्युटर अधिकृत- सदस्य

११. घरपभ्फोङ राजपत्रको अभिलेख व्यवस्थापनः(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम घरपभ्फोङ राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नेछ ।

**१२.** <u>निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने</u> :गाउँपालिकाले घरपझोङ राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचनातथाअभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

(च) जिल्ला प्रशासन कार्यालय

**१३.** <u>वेभ साइटबाट सार्वजनिकगर्नुपर्नेः</u> गाउँपालिकाबाट प्रकाशित घरपझोङ राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल)निर्माण गरी सा`बाट समेत सार्वजनिक गरिनेछ ।

**१४.** <u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः</u> (१) प्रकाशित घरपझोङ राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीयतहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) घरपझोङ राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

<u>(क) बार्षिक सदस्यबनाई बिक्री गर्दाः</u> वडा कार्यालय वा घरपझोङ गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/-( पाँच सय नब्बेमात्र)

(ख) खुद्रा बिक्री गर्दा :घरपभ्कोङ राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले घरपभ्कोङ राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२०मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५०मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**१५.** बिक्रीबाट प्राप्त रकम सञ्चितकोषमा जम्मा गर्ने : घरपभ्कोङ राजपत्र बिक्री बापतप्राप्त राजश्व गाउँपालिकाको सञ्चितकोषमा जम्मा गरिनेछ ।

**१६.** कार्यविधिको व्याख्या: यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१७.** बचाऊ: यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## घरपझोङ राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

यस भागमा घरपझोङ गाउँसभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

### भाग-२

यस भागमा घरपझोङ गाउँकार्यपालिकाबाट जारी नियमावली,निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँगसम्बन्धित)

घरपझोङ गाउँपालिका

# घरपझोङ राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

भाग-१

घरपझोङ गाउँपालिका

ऐन तथा गाउँसभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

घरपझोङ गाउँपालिका

# घरपझोङ राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

भाग-२

घरपझोङ गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत